मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २६ ◆ अङ्क : २५७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ साउन ३० गते शनिवार (Saturday, August 14. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

युवा दिवसमा पूर्वाञ्चलकर्मी मण्डल सम्मानितः पृष्ठ ३मा






**निषेधाज्ञा फितलोः** बिर्तामोडको भद्रपुर रोडमा सडक किनार भरिभराउ हुनेगरी पार्किङ गरिएको मोटरसाइकलहरु । प्रशासनले झापामा निषेधाज्ञा जारी गरेको छ । प्रहरीको उल्लेखनीय उपस्थिति रहेको बिर्तामोडमा यसरी दैनिक सवारी र मान्छेको भीड लाग्ने गरेकोले स्थानीय व्यापारीहरुले निषेधाज्ञा फितलो भएको भनेर आलोचना गर्न थालेका छन् । **तस्वीर : विनोद पाण्डे/पूर्वाञ्चल**

# ‘ज्येष्ठ नागरिकलाई घरमै गएर खोप दिनू’

**झापा, साउन २९।** सर्वोच्च अदालतले खोप केन्द्रसम्म आउन नसक्ने ज्येष्ठ नागरिकलाई घरमै गएर कोभिड-१९बिरुद्धको खोप लगाउन सरकारलाई आदेश दिएको छ ।

न्यायाधीश प्रकाशकुमार ढुंगानाको एकल इजलासले शुक्रवार खोप केन्द्रसम्म आउन नसक्ने जेष्ठ नागरिक, फरक क्षमता भएका, हिँड्डुल गर्न नसक्ने, दृष्टिबिहीन लगायतलाई घरमै गएर खोप दिन आदेश दिएको हो ।

खोप लगाउन जेष्ठ नागरिक लाइनमा बस्न थालेपछि सरकारको आलोचना भएको थियो । खोप केन्द्रमा जान असमर्थ जेष्ठ नागरिक, विस्तारामा रहेका हिँडडुल गर्न नसक्ने, अस्पतालले पहिचान गरेको दीर्घ रोगीहरु तथा फरक क्षमता भएका, दुबै आँखा नदेख्ने व्यक्तिहरु समेतका लागि राज्यले वडा स्तरबाट लगत संकलन गरी उपयुक्त अन्य माध्यमबाट पहिचान गरी घर-घरमा पुगी कोभिडको खोप सेवा उपलब्ध गराउन अदालतले आदेश दिएको हो ।

खोप केन्द्रसम्म पुग्न नसक्ने नागरिकहरुलाई घरघरमा गएर कोरोनाको खोप दिनुपर्ने माग गर्दै अधिवक्ता प्रवेश केसीले रिट दायर गरेका थिए । त्यसमा सुनुवाईका क्रममा इजलासले लोक



कल्याणकारी राज्यको हैसियतले संविधानको धारा ३५ (३) ले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक र धारा ४१ ले जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने भनेर मौलिक हक सुरक्षित गरेको स्वीकार गरेको छ । सरकारले खोप कार्यक्रमलाई समेत प्रभावकारी बनाउनुपर्नेमा सरोकारबालाहरुले ध्यानाकर्षण गराएका छन् ।

## एम्बुलेन्स चालकले पाएनन् खोप

**झापा, साउन २९।** कोरोना सङ्क्रमितलाई समेत बोकेर अस्पताल पुऱ्याउँदै आएका बिर्तामोडका एम्बुलेन्स चालकले कोभिडविरुद्धको खोप लगाउन नपाएको गुनासो गरेका छन् ।

बजरङ्ग मेडिकलको मे१च १०५० नम्बरको एम्बुलेन्सका चालक चेतन राईले बिर्तामोड र शनिश्चरे क्षेत्रका २८ चालकले खोप लगाउन नपाएको बताए । कोरोनाका बिरामीसमेत बोकेर हिँड्नुपरेको छ, हामीलाई खोपको व्यवस्था मिलाइदिनुपऱ्यो भनेर बिर्तामोडका नगरप्रमुखलाई भनेका थियौं- उनले भने- उहाँले हाम्रा कुरा सुन्नुभयो र व्यवस्था मिलाउँला भन्ने आश्वासन दिनुभएको थियो । बिर्तामोडका नगरप्रमुख ध्रुव शिवाकोटीबाट आश्वासन पाए तापनि अहिलेसम्म खोप लगाउन नपाउँदा दुःख लागेको राईले बताए । राजनीतिक दलका नेता र मजदुर युनियनका नेताहरुसँग समेत खोपको व्यवस्था गरिदिन

(बाँकी अन्तिम पृष्ठमा)

## अमर्यादित शब्द हटाउन निर्देशन

**काठमाडौं, साउन २९।** प्रतिनिधिसभाको शुक्रवारको बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले बिहीबारको बैठकमा एक सांसदले प्रयोग गरेका ‘मेन्टल्ली, फिजिकल्ली फिट हुनुहुन्न’ भन्ने शब्द संसद् सचिवालयको रेकर्डबाट हटाउन निर्देशन दिएका छन् ।

प्रतिनिधिसभाको बैठक शुरु हुने बित्तिकै प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का प्रमुख सचेतक विशाल भट्टराईले बिहीबारको बैठकमा एक सांसदले अर्का सांसदलाई अमर्यादित र असंसदीय शब्द बोलेको भन्दै त्यसलाई संसद्को रेकर्डबाट हटाउन माग गरेका थिए ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा विशेष समयमा बोल्दै नेकपा ( माओवादी केन्द्र) का सांसद मातृकाप्रसाद यादवले सांसदलाई इङ्गित गर्दै ‘मेन्टल्ली, फिजिकल्ली फिट हुनुहुन्न’ भन्ने शब्द प्रयोग गरेका थिए । उनले बोल्ने बित्तिकै प्रमुख सचेतक भट्टराईले बिहीबारको बैठकमा पनि नियमापत्ति गर्दै उक्त शब्दावली संसद्को रेकर्डबाट हटाउन माग गरेकामा सभामुख सापकोटाले ध्यानाकर्षण भएको जनाएका

(बाँकी अन्तिम पृष्ठमा)

# ‘प्रहरी हौं’ भन्दै कुटपिट गरी रकम असुल्ने पक्राउ



**कनकाई, साउन २९।** ‘प्रहरी हुँ’ भन्दै कुटपिट गरी रकम असुल्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

कनकाई नगरपालिका-७ का ४० वर्षीय विकास उप्रेती र बिर्तामोड नगरपालिका-३का ३२ वर्षीय टीका खत्रीलाई बिहीबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक राकेश थापाले जानकारी दिए ।

बिर्तामोड-५की नयनसरी राजवंशीको घरमा गएर यही साउन ११ गते उप्रेती र खत्रीले हामी सादा पोशाकका प्रहरी हौं, तपाईंको छोरा लागूऔषध खाने बेच्ने गर्छ र डिलर पनि हो, अब छोरालाई जोगाउने हो भने रु. २० हजार दिनु, नभए मुद्दा हालिदिन्छौं, भनेर धम्क्याउनुका साथै राजवंशीको साथमा भएको रु. एक हजार १०० लिएर पछि फेरि पैसा लिन आउँछौं भन्दै गएका थिए ।

सोही सिलसिलामा यही साउन १४ गते राति नयनसरीको घर पुगेका उनीहरुले उनका छोरा २५ वर्षीय विशाल राजवंशीलाई बाहिर बोलाएर ‘हामी एउटा मिसनमा आएका हौं, किन गाउँका मान्छेलाई हल्ला गरी बोलाएको ?’ भन्दै उप्रेतीले कम्मरको बेल्ट खोलेर बिशाललगायत अन्य व्यक्तिलाई समेत कुटपिट गरेका थिए ।

पीडित राजवंशीले साउन २२ गते इलाका प्रहरी कार्यालय अनारमनीमा दिएको निवेदनका आधारमा उप्रेती र खत्रीलाई पक्राउ गरिएको प्रनाउ थापाले बताए । पक्राउ परेका दुवैलाई इप्रका अनारमनीमा राखेर कानूनी कारबाही अघि बढाइएको थापाले जानकारी दिए ।

उता सुनसरी बराहक्षेत्र नगरपालिका-१का ६३ बर्षीय बरम बहादुर राईलाई एक थान भरुवा बन्दुकसहित पक्राउ गरिएको छ ।

गत २६ गते राईले बाँदरलाई गोली हान्दा उनकै नाति १३ बर्षीय अभिषेक राईलाई छर्राले लागी घाइते भइ उपचारको लागि घोपा धरान लगेको भन्ने सूचनाको आधारमा प्रहरी टोलीले उनको खोजतलास गरिरहेको थियो । खोजतलासकै क्रममा विहीवार जिल्ला प्रहरी

(बाँकी अन्तिम पृष्ठमा)

## तीस करोडमा कारागार बनाइँदै

**विराटनगर, साउन २९।** विराटनगर महानगरपालिकाको हाटखोलामा अत्याधुनिक जिल्ला कारागार भवन निर्माण गर्न लागिएको छ ।

मोरङका प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाले निर्माणाधीन भवन शिलान्यास गर्दै यसको गुणस्तरमा ध्यान दिन र निर्धारित समयमै सम्पन्न गर्न निर्माण कम्पनीलाई निर्देशन दिएका छन् । उनले भवनमा बस्ने कैदीबन्दीको जीवन सुरक्षा गर्नु राज्यको दायित्व भएकाले निर्माणमा कुनै कमी कमजोरी हुन नहुनेमा जोड दिए ।

मूल्य अभिवृद्धि करबाहेक रु. ३० करोड ८३ लाखको लागतमा निर्माण गर्न लागिएको सो भवनको आशिष, आशीर्वाद, स्वामी नारायण जेभीले बोलपत्र कबुल गरेको छ । वि.सं. २०८० पुस २४ गतेभित्र निर्माण गरिने सो भवन ३६ हजार ८८३ वर्गफिटको हुने संघीय आयोजना कार्यान्वयन एकाइका प्रमुख गङ्गाप्रसाद यादवले जानकारी दिए ।

कूल १० कट्ठा १० धुर जग्गामा निर्माण गर्न लागिएको सो भवनमा महिला र पुरुष कैदी, सशस्त्र प्रहरी,

(बाँकी अन्तिम पृष्ठमा)

## जनहितका लागि




एक अर्काबाट कम्तीमा २ मिटर टाढा बसौं । बेलाबेलामा साबुन पानीले मिचिमिचि कम्तिमा २० सेकण्ड हात धोऔं । घरबाट बाहिर जाँदा अनिवार्य मास्क लगाऔं ।

पूर्वाञ्चल दैनिक
श्रीअन्तु प्रकाशन (प्रा.)लि.
Purwanchaldaily.com

## अधिक वर्षाको समयमा पानीजन्य प्रकोपको जोखिमबाट बचौं

- बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरुमा पूर्व सूचना प्रणालीको व्यवस्था गरौं ।
- डुबान हुने क्षेत्रहरुमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाइप) चालू अवस्थामा राखौं ।
- बाढी तथा पानीको बहाव बढेको जानकारी दिन साइरन जडान, एस.एम.एस., सामाजिक सञ्जाल तथा आमसञ्चार माध्यमलाई तयारी अवस्थामा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## २० लाख जरिवाना तोकिएकी फरार महिला पक्राउ

**काठमाडौं, साउन २९।** प्रहरीको केन्द्रिय अनुसन्धान ब्यूरोबाट खटिएको टोलीले बैंकिङ कसुरमा दोषी ठहऱ्याइएका फरार एक व्यक्तिलाई शुक्रवार पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-१६ बस्ने ४८ वर्षीया प्रेमकुमारी खड्गी रहेकी छन् । उनले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानीजानी पीडितलाई झुक्यानमा पारी चेक दिएकोमा अदालतले बैंकिङ कसुर गरेको ठहर गरेको थियो ।

बैंकिङ कसुरजन्य अपराध गरेको उच्च अदालत पाटनको २०७६ साल जेठ २१ को फैसलाले बैंकिङ कसुर तथा सजाय ऐन २०६४ बमोजिम पाँच दिन कैद र रु. बीस लाख जरिवाना हुने ठहर गरेकामा उनी फरार हुँदै आएकी थिइन् ।

फैसला कार्यान्वयन तथा फरार प्रतिवादीको खोजतलास एवम् पक्राउका लागि परिचालित टोलीले उनलाई शुक्रवार काठमाडौंको सोह्रखुट्टेबाट पक्राउ गरी फैसला कार्यान्वयनका लागि ललितपुर जिल्ला अदालतमा पेस गरेको प्रहरी उपरीक्षक श्यामकुमार महतोले जानकारी दिए ।



**त्रिधार्मिकधाम हलेसी बजार:** विश्व प्रशिद्ध त्रिधार्मिकधाम खोटाङको हलेसीस्थित पूर्वी क्षेत्रमा विस्तार गरिएका होटल तथा रेष्टुरेन्ट। हिन्दू, बौद्ध र किराँत धर्मालम्बीको संगमस्थल हलेसीमा गुठीको जग्गा अतिक्रमण गरेर घर, टहरा निर्माण गर्ने क्रम तीव्र छ। **तस्वीर : केदार मगर/रासस**

# कोरियामा बढ्दै, भारतमा घट्दै

**झापा, साउन २९।** दक्षिण कोरियामा कोरोना (कोभिड-१९) का सङ्क्रमित पछिल्लो २४ घन्टामा बढेको देखिएको छ। यहाँ सङ्क्रमित हुनेहरुको सङ्ख्या पछिल्ला हप्ताहरुमा बढ्दै गएको देखिएको हो।

कोरोना भाइरसको चौथो वेभ आएको भनिएको यहाँ शुक्रबार एक हजार नौ सय ९० जनामा कोरोनाको थप सङ्क्रमण भएको बताइएको छ।

यहाँ बिहीबार मध्यरातिसम्म अर्थात् गएको करिब २४ घण्टामा सङ्क्रमितहरु एक हजार नौ सय ९० जना थपिएका बताइएको छ। योसँगै यहाँका सङ्क्रमितहरुको सङ्ख्या दुई लाख २० हजार जनाभन्दा बढी पुगेको बताइएको छ। यहाँ पछिल्लो हप्तामा कम्तीमा पनि एक हजार ६०० जनामा सङ्क्रमण देखिने गरेको छ।

बुधबार रातिसम्म यहाँ एक हजार नौ सय ८७ जना सङ्क्रमित थपिएकामा शुक्रबार त्योभन्दा बढी देखिएको हो। यहाँका स्वास्थ्य अधिकारीहरुले अधिकांश विदेशबाट आएका व्यक्तिमा संक्रमण पाइएको पनि सो समाचारमा जनाइएको छ।

यहाँ निकै थोरै संख्यामा मात्र सङ्क्रमितहरु थिए। दक्षिण कोरिया सरकारले कोरोना भाइरसको सङ्क्रमणलाई रोक्न विदेशका अरू देशहरुको तुलनामा प्रभावकारी काम गरेको बताइएको थियो। तर, प्राप्त समाचारमा दक्षिण कोरियामा पनि पछिल्लो समयमा सङ्क्रमितहरुको संख्या बढ्दै गएको देखिएको छ। दक्षिण कोरियाको सरकारले खोप लगाउने कामलाई पनि प्राथमिकतामा राखेको जनाएको छ। यहाँ मृत्युदर भने कम रहेको छ। यहाँ अहिलेसम्म यो भाइरसबाट दुई हजार एक सय ४४ जनाको ज्यान गएको छ।

यता भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएका सक्रिय सङ्क्रमितहरुको संख्या घट्दै गएको छ।

सरकारी अधिकारीहरुले शुक्रबार बिहान दिएको जानकारी अनुसार भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाहरुको कूल सङ्ख्या तीन लाख ८५ हजार दुई सय २७ मा झरेको छ। सक्रिय सङ्क्रमितहरुको यो संख्या गत वर्ष सन् २०२० को मार्चपछिकै सबैभन्दा कम भएको पनि अधिकारीहरुले जानकारी दिएका छन्।

भारतमा पछिल्लो २४ घण्टामा ४२ हजार दुई सय ९५ जना कोरोनभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। दैनिक रुपमा सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या बढ्दै गएकाले सक्रिय सङ्क्रमितहरुको सङ्ख्या कम हुँदै गएको हो। अहिले भारतमा कूल सङ्क्रमितमध्ये १.२ प्रतिशत सङ्क्रमितहरु मात्रै सक्रिय सङ्क्रमित अवस्थामा रहेका केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

भारतमा पछिल्लो एक दिनमा ४२ हजारभन्दा बढी सङ्क्रमणमुक्त भएकै बेला अरू ४० हजारभन्दा बढी नयाँ सङ्क्रमित थपिएका छन्। सरकारी अधिकारीहरुका अनुसार सोही अवधिमा ४० हजार एक सय २० जना नयाँ सङ्क्रमितहरु थपिएका हुन्।

भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट तीन करोड २१ लाख १७ हजार आठ सय २६ जना सङ्क्रमित भएको पाइएको छ। तीमध्ये चार लाख ३० हजार दुई सय ५४ जनाको मृत्यु भएको छ। कूल मृतकमध्ये पाँच सय ८५ जनाको पछिल्लो एक दिनमा मृत्यु भएको हो।

देशभरि अहिलेसम्म ५२ करोड ९५ लाख ८२ हजार नौ सय ५६ मात्रा कोरोनाभाइरस विरुद्धको खोप लगाइएको छ। तीमध्ये ५७ लाख ३१ हजार पाँच सय ७४ खोप पछिल्लो २४ घण्टामा प्रयोग भएको हो।

## चीनमा ७७ करोड ७० लाखलाई खोप

**चीन, साउन २९।** चीनमा बिहीबारसम्म ७७ करोड ७० लाख व्यक्तिलाई कोरोना भाइरसबिरुद्धको खोपको पूर्ण मात्रा लगाइएको छ।

एउटा मात्रै खोप लगाएकाहरुको संख्या अझै धेरै भए पनि दुवै खोप लगाएर खोपको मात्रा पूरा गरेकाहरुको संख्या ७७ करोड ७० लाख पुगेको स्वास्थ्य अधिकारीहरुले शुक्रबार जानकारी दिएका छन्।

हालसम्म चीनमा एक अर्ब ८३ करोड डोज खोप लगाइएको राष्ट्रिय स्वास्थ्य निकायका प्रवक्ता मी फेङले पत्रकार सम्मेलनमा जानकारी दिए।

चीनको हुबे प्रान्तको वुहान शहरबाट शुरु भएको कोरोना भाइरसको महामारी न्यूनीकरणका लागि अहिलेसम्म खोप नै एक मात्र उपाय मानिएको छ। महामारी न्यूनीकरणका लागि खोपको प्रयोग पनि सबैभन्दा बढी चीनमा नै भएको छ।

# राधाकृष्णको परिवारमा उत्सव र चाड पर्व सँधै 'ल्याक डे'

**विनोद सापकोटा**

**झिलझिले, साउन २९।** स्वास्थ्यकर्मी रञ्जना खनालको २९औं जन्मजयन्तीको अवसरमा उनका परिवारले जिल्लाको शिवसताक्षी नगरपालिकालाई कोरोना भाइरसविरुद्ध लड्ने सुरक्षा कवच सेनिटाइजर र मास्क प्रदान गरेका छन्।

नगरपालिकाको सभाहलमा आयोजित एक कार्यक्रमका बीच रञ्जनाका बुबा राधाकृष्ण खनालले नगर प्रमुख चन्द्रकुमार सेर्मालाई १५ लिटर सेनिटाइजर र २ हजार थान सर्जिकल माक्स प्रदान गरेका हुन्।

रञ्जना खनाल शिवसताक्षी नगरपालिका वडा नम्बर-१ बस्ने राधाकृष्ण खनालकी कान्छी छोरी हुन्। धरमपुर स्वास्थ्य चौकीकी ल्याव असिस्टेन्ट पदमा कार्यरत रञ्जनाको ०७६ साल जेठ २ गते झापाको धरमपुरमा सडक दुर्घटनामा परेर असामयिक निधन भएको थियो।

नेकपा एमाले झापाका सचिवालय सदस्य खनालकी छोरी रञ्जनाको स्वास्थ्य चौकीको काम बिशेषले शिवसताक्षी नगरपालिकाको स्वास्थ्य शाखा आउने क्रममा दुर्घटनामा परेर मृत्यु भएको थियो। पूर्व-पश्चिम राजमार्गको धरमपुरमा यात्रुवाहक बसले ठक्कर दिँदा उनको घटनास्थलमै मृत्यु भएको थियो।

उनको परिवारका सबै सदस्यले कुनै न कुनै कार्यक्रमको आयोजना गरेर बर्षेनि जन्म दिनको उत्सव मनाउने गरेका थिए। उनको निधनपछि यो क्रम भंग भएको उनका बुबा राधाकृष्णले बताए। 'शोकलाई शक्तिमा बदल्ने प्रयास गरिरहेका छौँ। तर, काखको नानीको अभाव जुनसुकै चाडपर्वमा खड्किदो रहेछ। हामीले विर्सन सकेका छैनौं'- उनका बुबाले भने- 'हरेक उत्सव, चाडपर्व हाम्रो परिवारको लागि 'ल्याक डे' झैं भएर आउँछ।'

'परिवारका हरेक सदस्यको जन्मदिनमा एक आपसमा उपहार दिएर खुशी साटासाट गर्ने चलन हाम्रो परिवारमा चलिआएको थियो'- हृदयविदारक घटनाको स्मरण गर्दै बुबा राधाकृष्णले भने- 'छोराबुहारी, छोरीज्वाइँ, नातिनातिनामा यो क्रम वर्षौंदेखि चलिरहेको थियो। रञ्जनाको अभावमा यो क्रम सँधैका लागि भंग भएको छ'- रञ्जनाका बुबाले भने 'यस्तो दिन कसैलाई नआओस्।

रञ्जनाको स्मृति दिवसको अवसरमा आयोजित स्वास्थ्य सामग्री प्रदान कार्यक्रममा बुबा राधाकृष्णले कान्छी छोरीको जीवनीको बारेमा बताइरहँदा हलमा रहेका सबैका आँखा रसाएका थिए। उनी बाल्यकाल त के स्नातक तहसम्मको अध्ययन गर्दा पनि केटाकेटी स्वभावकी थिइन्।

सानालाई माया र ठूलालाई आदर गर्ने बानी उनमा थियो। उनीबिनाको पहिलो र दोश्रो जन्मजयन्ती परिवारका सदस्यले रञ्जनाले माध्यमिक तहसम्म अध्ययन गरेको भानु माध्यमिक विद्यालय पाराबारीका विपन्न परिवारका छात्रछात्रालाई विद्यालय पोशाक वितरण गरेर मनाएको थियो।

कोरोना महामारीका बेला यसबाट बच्ने सुरक्षाकवच सेनिटाइजर र मास्क उनको जन्म जयन्तीमा प्रदान गर्दा कम्तीमा २ हजार सर्वसाधारणले संक्रमणबाट जोगिने परिवारका सदस्यले ठहर गरेपछि नगरलाई स्वास्थ्य सामग्री प्रदान गरिएको खनालले बताए।

स्वास्थ्य सामग्री ग्रहण गर्दै नगर प्रमुख चन्द्रकुमार सेर्माले भने- 'कतिपय घटना यस्ता हुन्छन् जो सिङ्गो समाजले विर्सन सक्दैन। रञ्जना खनालको त्यो घटना शिवसताक्षी नगरपालिकाका कसैले विर्सन सकेका छैनन्।' नगर प्रमुख सेर्माले भने- 'मानिस जन्मन्छ, अनि मर्छ। यो शाश्वत सत्य भए पनि मृत्युको प्रकृति फरक भएकाले हरेक दिन रञ्जना हरेक नागरिकका मन मस्तिष्कमा आइरहन्छिन्।' रञ्जनालाई सम्झना गरिरहनका लागि उनको नाममा अक्षयकोष, ट्रष्ट अथवा वर्षेनि कुनै न कुनै विधाका व्यक्तिलाई पुरस्कृत गरेर उनको सम्झना गर्न सकिने नगर प्रमुख सेर्माले बताए।

कार्यक्रममा नेकपा एमालेका नगर अध्यक्ष धनवहादुर थेवे, वडा नम्बर ११का वडाध्यक्ष भैरवकुमार श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत गीता कुमारी राई, बरिष्ठ योजना अधिकृत प्रकाश चौधरी, लेखा अधिकृत प्रकाश योङ्हाङ, प्रशासन शाखाका प्रमुख डिल्ली नेपाल लगायतको सहभागिता थियो।

# बिर्तामोडको हलेसी अटोबाटै अब स्कोडा कुशाक

**झापा, साउन २९।** नेपालका लागि स्कोडाको आधिकारिक विक्रेता एमएडब्लु इन्टरप्राइजेजले झापाको बिर्तामोडबाट समेत सेवा प्रारम्भ गरेको छ।

बिर्तामोडस्थित भगवानचोकमा रहेको हलेसी अटो मोवाइल्स्ले लामो समयदेखि अटो मोवाइल्स्को क्षेत्रमा काम गर्दै आएको छ। सोही क्रममा ग्राहकको मागलाई मध्यनजर गर्दै नयाँ ब्राण्ड झापामा भित्र्याउन सफल भएको सञ्चालक चूडामणि पौडेलले जानकारी दिए। उनले भने- ग्राहकको सन्तुष्टि नै हाम्रो चाहना हो।





दुई साताअघि नेपालमा सार्वजनिक गरिएको स्कोडा कुशाक एक्टिभ, एम्बिसन र स्टाइल गरी तीन भेरियन्टमा उपलब्ध छ। कुशाकले वर्ल्ड प्रिमियर भएदेखि नै अटो जगतमा दमदार उपस्थिति जनाइसकेको कम्पनीको दावी छ।

शुरुवाती मूल्य ४९ लाख ९० हजार रुपैयाँ कायम गरिएको नयाँ कुशाकको टेस्ट ड्राइभ तथा बुकिङ अब झापाको बिर्तामोडस्थित हलेसी अटो मोबाइस्बाट समेत गर्न सकिने जनाइएको छ।

रोबस्ट र मस्कुलर देखिने कुशाकको इन्टेरियर सुन्दरता र आधुनिकताको समीश्रण हो। ड्राइभिङलाई सहज बनाउन यसमा धेरै वटा 'सिम्प्ली क्लेभर' फिचर राखिएका छन्। यसमा कैयौं एक्टिभ र पेसिभ सेफ्टी फिचर छन्, जसमध्ये इएससी सबै भेरियन्टमा स्ट्यान्डर्ड हो।

# झापामा मास्क बैंक स्थापना

**झापा, साउन २९।** सरकारले शुरुआत गरेको मास्क अभियानलाई सहयोग पुऱ्याउने र कोरोना सङ्क्रमण न्यूनीकरण गर्ने उद्देश्यले नेपाल रेडक्रस सोसाइटी भद्रपुर उपशाखाले 'मास्क बैंक' स्थापना गरेको छ।

जिल्लामै पहिलोपटक स्थापना भएको बैंकबाट स्वयम्सेवक खटाएर निःशुल्क रुपमा मास्क वितरण हुँदै आएको छ। एक हप्ताअघि संस्थाले एक हजार मास्क खरिद गरेर अभियान शुरु गरेको थियो। हाल बैंकमा रेक्रडसका आजीवन सदस्य र विभिन्न दाताले मास्क र मास्क खरिदका लागि नगद दुवै प्रदान गरिरहेको सोसाइटी भद्रपुर उपशाखाका सभापति गोपाल गिरीले जानकारी दिए।

उनका अनुसार मास्क अभियानप्रति आम नागरिकलाई प्रेरित गर्न 'हुनेले दिएर जाऔं, नहुनेले लिएर प्रयोग गरौं' भन्ने नाराका साथ भद्रपुर बजार र लेखनाथ चोकमा बिहान ७ बजेदेखि १० बजेसम्म मेडिकल मास्क वितरण गरिँदैछ।

## प्रहरी हौं ...

कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले राईलाई विराटनगरबाट पक्राउ गरी इलाका प्रहरी कार्यालय महेन्द्रनगर बुझाएको हो। पक्राउ परेका राईको घर कोठाभित्र प्रहरी टोलीले लुकाई छिपाई राखेको एक नाल भरुवा बन्दुक समेत बरामद गरेको छ। उनलाई इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट ज्यान मार्ने उद्योग र हातहतियार मुद्दामा अनुसन्धान प्रकृया अगाडि बढाइएको छ।

## एम्बुलेन्स ...

हारगुहार गरिएको उनले सुनाए।

बिर्तामोड पूर्वी नेपालको स्वास्थ्योपचार केन्द्रको थलो बन्दै गएको छ। यहाँ बिर्तामोड नगरपालिकाले सञ्चालन गरेको २५ शय्याको सरकारी अस्पतालदेखि ९०० शय्याको प्रस्तावित मेडिकल कलेज वीएण्डसी अस्पताल समेत रहेको छ। बिर्तामोडका अस्पताल परिसरमा बिरामी कुरेर एम्बुलेन्स चालक बस्ने गरेका छन्। बिर्तामोडको वीएण्डसी र बिर्तासिटी अस्पतालमा कोभिड उपचार केन्द्र सञ्चालित छ। यहाँबाट बिरामी पूर्वी पहाडका जिल्ला, बिराटनगर, धरान र भद्रपुर ओहोरदोहोर गर्दै आएका छन्।

राज्यले एम्बुलेन्स चालकलाई कोभिडबिरुद्ध अभियानको फ्रन्टलाइनर घोषणा गरेको छ- खोप लगाउन नपाएका चालक राईले भने- हाम्रा पनि घरमा बालबच्चा र परिवार छन्। कोरोनाका बिरामी समेत बोक्नुपर्ने अवस्था छ। खोप लगाउन पाए ढुक्क हुन सकिने थियो।

## तीस ...

नेपाल प्रहरी, प्रशासन, कारागार प्रमुख, चमेनागृह र आगन्तुकका लागि अलग-अलग कक्ष रहने छ। भवन निर्माणका लागि शहरी विकास मन्त्रालयले बजेट उपलब्ध गराएको थियो।

हाल जिल्ला कारागार भएकै ठाउँमा बन्ने सो भवनमा महिला कैदीका लागि ८८ शय्या र पुरुष कैदीका लागि २५० शय्या हुनेछ। हाल पुरानो कारागारमा ७१ महिलासहित ९२९ कैदीबन्दी रहेको कारागार प्रशासनका कर्मचारी रामप्रसाद पोखरेलले जानकारी दिए। नयाँ भवन बनेपछि पनि पुरानो भवनलाई कैदीबन्दीकै लागि प्रयोग गरिने भएको छ। कारागारको कूल क्षेत्रफल तीन बिगाह जग्गा छ।

सहायक प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेलले नयाँ भवन कैदीबन्दीका लागि निकै सहज हुने बताए। निर्माण कम्पनीका प्रमुख केशर बुढाथोकीले राज्यले लगानी गरेको यस प्रकारको भौतिक सम्पत्तिमा कुनै कमी हुन नदिने र निर्धारित समयमै भवन निर्माण गरिने प्रतिबद्धता जनाए।

## अमर्यादित ...

थिए। प्रतिनिधिसभाको बैठक शुरु हुने बित्तिकै प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का सांसदले आसनग्रहण नगरी उभिएर विरोध जनाएपछि सभामुख सापकोटाले प्रमुख सचेतक भट्टराईलाई आफ्नो भनाइ राख्न समय उपलब्ध गराएका थिए।

उनको भनाइपछि सभामुख सापकोटाले भने- नेकपा (माओवादी केन्द्र) का सांसद मातृकाप्रसाद यादवले बिहीबार बोल्ने क्रममा प्रयोग गरेको 'मेन्टल्ली, फिजिकल्ली फिट हुनुहुन्न' भन्ने शब्द प्रतिनिभिसभा नियमावलीको नियम २१ को खण्ड (ङ) को प्रतिकूल हुने भएकाले रेकर्डबाट हटाउन सचिवालयलाई निर्देश गर्दछु।

**सच्याइएको,**

पूर्वाञ्चल दैनिकको मिति २०७८ साउन २९ गते शुक्रबारको अंकमा प्रकाशित कृषि ज्ञान केन्द्र भद्रपुर झापाको प्रस्ताव आह्वानको सूचनाको क्र.सं. ७ मा हाइब्रिड मकै खेती बिस्तार आयोजनमा क्षेत्र बिस्तारको हेक्टर ३०० हुनुपर्नेमा अन्यथा भएको र क्र.सं. ९ को रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रममा अधिकतम् अनुदान रकम १ लाख हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ। - **व्यवस्थापक**

## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

**यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ। साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ।**

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७८।४।३० | ११ केभी चारआली फिडर | चारआली बजार र आसपासका क्षेत्रहरु। | विहान ८:०० बजेदेखि दिउँसो ४ बजेसम्म | विद्युतीय संरचना स्थानान्तरण सम्बन्धि कार्य गर्नुपर्ने। | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ। |

**नेपाल विद्युत् प्राधिकरण**
**अनारमनी वितरण केन्द्र**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

Congratulations to all the SEE Graduates
Admission Open in Class XI
We proudly offer you courses on Sports Science for the first time in our town.
Welcome you all in our best Computer Science and Business Math classes.
Our Features :
Admission forms are available.
- Well experience and dedicated faculties.
- Modern and well equiped computer lab and library.
- Board play ground with covered hall.
- Regular training and practical classes for football, Volleyball, cricket, martial arts, table tennis and athletics.
- Peaceful and beautiful environment.

Please contact us for more details.
Nawodaya Funmin Shikshya Sadan
Birtamod-3, Suryanagar
(Opposite to Heaven Water Park.)
Ph. 023-545008, 9806071333, 9852673540
9804966689, 9803621449

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

# डलर अरबपतिहरुले मात्र चढ्न सक्ने सुपर लक्जरी रेल !



**भुवन तामाङ**

सर्वसाधारण मानिसहरु एउटा सामान्य थोत्रा र सुविधाविहीन रेलगाडी चढ्छन् । रेलभित्र पुग्न एउटा युद्ध लडे जस्तै संघर्ष गर्नु पर्दछ । रेलभित्र पसेपछि सिट पाइने नपाइने कुनै ठेगान हुँदैन । सिट पाइए पनि सिटको रेक्जिन हुन्छ/हुँदैन पत्तै हुन्न । सिटबाट उठिसक्दा आफ्ना कपडा भत्केको सिटले च्यातिसकेको हुन्छ । आफ्नो सामानहरु कुनै पनि बेला लुटिन सक्छन् । मगन्ते र तेस्रो लिङ्गीहरुबाट यात्रीहरु ठगिन र लुटिन सक्छन् । रेलबाट गन्तव्यको स्टेशनमा उत्रँदा यात्रीहरु नाङ्गेझार बनि सक्छन् । त्यै पनि लाखौं मानिसहरु यात्राका लागि कछुवा घस्रे जस्तो ढिलो चालका असुविधाजनक सामान्य रेल चढ्न बाध्य छन् ।

त्यहीँ यसको ठीक उल्टो धनी व्यक्ति तथा परिवारहरुको रेलयात्रा निकै सुविधाजनक हुन्छन् । राम्रा राम्रा रेलहरुका लक्जरी डब्बा र लक्जरी क्याबिनहरुमा यात्रुहरुलाई चाहिने यावत सुरक्षा र सुविधा मौजुद हुने गर्दछन् । धनी यात्रुहरुले कुनै कुराको चिन्ता लिनु पर्दैन । रेल सेवा कम्पनीबाट केही कमी-कमजोरी भएमा उल्टै यात्रुहरुलाई मोटो रकमको क्षतिपूर्ति तिर्नु पर्दछ । हालका दिन तीव्र रफ्तारमा कुद्ने रेल र निकै लक्जरी रेलहरु विभिन्न धनी देशहरुले बनाएर सेवा दिइरहेका छन् । तर, यी रेलहरुले पनि धनी अर्थात् डलर अरबपतिहरुले चाहे जस्तो सेवासुविधा दिन सकिरहेका छैनन् । त्यै भएर अब यस्तो रेल बन्दैछ कि त्यस रेलमा अहिलेसम्म नभएका सुविधाहरु हुने छन् । यो रेल यति महँगो हुनेछ कि जसमा डलर अरबपतिहरु मात्र यात्रा गर्न सक्नेछन् ।

त्यस्तै थिम अनुसार फ्रान्सका एक डिजाइनरले यस्तो सुपर लक्जरी रेल बनाउने कल्पना गरेका छन् । कि जसको सेवाले यात्रीहरुको पुराना सबै अनुभवहरुलाई बदलिदिनेछ । यस सुपर लक्जरी रेलमा यस्ता सबै सुबिधा हुनेछन् जुन कुनै राजमहलभन्दा कम देखिने छैनन् ।

यूरोपका केही देशहरुमा केही वर्ष पहिलासम्म यो मानिन्थ्यो कि रेलको यात्रा अब पुरानो जमानाको भइसक्यो । अहिलेसम्म पनि लामो दूरीको आरामदायक यात्रा गर्न यूरोपियनहरु हवाइजहाज रोज्दछन् । तर, फ्रान्सका एक डिजाइनरले यस्तो सुपर लक्जरी रेल बनाउने परिकल्पना गरेका छन्, जो यात्रीहरुका पुराना सबै अनुभवहरुमा बदलाब ल्याइदिनेछ । सुपर लक्जरी रेलमा यी सबै सुविधा हुनेछन् जुन सुविधा कुनै राजमहलमा हुने गर्दछन् । अर्थात् डलर अरबपतिहरु हवाइजहाज होइन कि रेलको यात्रा गर्न रुचाउने छन् । यस रेलको अधिकतम् स्पिड एकसय साठी किलोमिटर प्रति घण्टा हुनेछ ।

डलर अरबपतिहरुको रेल भनिने यो बेहद शानदार रेलको डिजाइन फ्रान्सीसी डिजाइनर थिएरी गाउगेनको दिमागको उपज हो । यो रेल बनाउनको लागि लगभग तीसय ५० बिलियन डलर लागत पर्नेछ । नयाँ बन्ने अत्याधुनिक रेलमा एक हजार तीन सय फिटको प्यानोरोमिक ग्लासको झ्यालहरु हुनेछन् ।

यस रेलमा जम्मा १४ डिब्बा हुनेछन् । हरेक डिब्बामा स्मार्ट ग्लासका झ्याल र छत हुनेछन् । यो रेल यतिबिधि आनुनिक हुनेछ कि, बाहिरी परिवेशको अनुसार स्वयम्लाई ढाल्न केवल एक सुइच थिचे पुग्छ । यस रेलमा प्रयुक्त काँचहरु यात्रुहरुले चाहे अनुसार पारदर्शी या अपारदर्शी हुनेखालका हुनेछन् । यस रेलको मालिकका लागि विशेष प्रकारको कक्ष बनाइने छ । यसमा एकसाथ १८ अतिथिहरु आरामले बस्ने सुविधा हुनेछन् । उनीहरुका लागि सबै प्रकारका आधुनिक सुविधा हुनेछन् । रेलमा एक भव्यरुपले बनाइएको सैलुन पनि रहनेछ ।

डिजाइनर गाउगेन फ्रान्सका चर्चित डिजाइनर हुन् । उनले अनगिन्ती परियोजनाहरुमा प्रसिद्ध डिजाइनरका रुपमा काम गरिसकेका छन् । उनले नै एप्पलको सहसंस्थापक डलर अरबपति स्टीव जब्सको ८० मिटरको पोत वीनस डिजाइन गरेका थिए । तर, गाउगेन रेल डिजाइनको क्षेत्रमा पहिलोपटक हात हाल्दै छन् । यस निजी सुपर लक्जरी रेल पनि अत्यधिक चर्चित अर्थात् असाध्य धनीका मात्र लागि बनाउन गइरहेका छन् । रेलमा आवश्यकता अनुसार थप सुपर लक्जरी डिब्बाहरु थप्दै लग्न सकिने डिजाइर गाउगेनले बताएका छन् ।

गाउगेनले सिएनएन ट्राभल्ससँगको कुराकानीमा बताएका छन् कि, यस सुपर लग्जरी रेलको परिकल्पना अद्भूत मानिसहरुका लागि मात्र गरिएको हो जो डलर अरबपति छन् । यो कुनै सार्वजनिक या यात्रु रेल हुने छैन । जुन मालिकका बारेमा मैले कल्पना गर्दछु, उनी कोही हुन सक्छन् जो यस रेलको विशिष्टताबाट अवगत छन् र यो समझ राख्न सक्दछन् कि, म केवल परिवहनको बारेमा कुरा गरिरहेको छुइन । यो त्यस्तो सुपर लक्जरी यात्राको बारेमा हो न कि तपाई बिन्दु ए देखि विन्दु बी सम्म कति छिटो रफ्तारमा पुग्नुहुन्छ । यसमा सवार मानिस आफ्नो गन्तव्यसम्म जानुमा बाटामा त्यति नै मज्जा लिन सक्छन् जसको बारेमा उनीहरुले अहिलेसम्म सोचेका सम्म छैनन् ।

उनले कम्प्युटरमा बनाएको थ्रीडी तस्वीरको सिरिजबाट यस रेलको बारेमा जानकारी दिएका छन् । यी तस्वीरहरुमा रेलको बाहिरी तथा भित्री भागका आर्किटेक्टहरुबारे जानकारी दिइएको छ । गाउगेनले बताएका छन् कि उनले रेल बनाउने योजनाकाबारे स्टीव जब्सका पत्नी र अरबपति बिजनेसम्यान लारेन पावेल जब्स जस्ता उपभोक्तालाई ध्यानमा राख्दै बनाएका हुन् । तर, अहिलेसम्म सो सुपर लक्जरी रेल निर्माण गरी माग्न या किन्नका लागि कोही ग्राहक भेटिहालेका चाहिँ छैनन् । यस रेलको डिजाइन सम्पूर्ण किसिमले कम्प्लिट गर्न अझै अढाई साल लाग्ने बताइएको छ ।

यो रेल बनेर र ट्र्याक्मा कुद्न थालिहाल्यो भने यो कुनै आश्चर्य मान्नु पर्दैन कि कोही पनि नेपालीले छोटोभन्दा छोटो दूरी तय गर्नका लागि पनि पैसा तिर्न सकुन् । नेपालले त आफ्नो भएको एउटै रेल पनि घुम्टो ओढाएर राखेको धेरै भइसक्यो । हामीले युरोप अमेरिकाको जस्ता कल्पनाशीलता, सिर्जनशीलता र प्राउद्योगिकी कसरी हासिल गर्न सक्छौं । प्रश्न यही छ । (एजेन्सीको सहयोगमा)

# रावण जन्मको वास्तविकता



**लक्ष्मी काफ्ले**

जय र विजय भगवान विष्णुका अन्यन्तै प्रिय पार्षद्हरु थिए । उनीहरु भगवानको सेवा गर्दागर्दै प्रमुख पार्षद् बनेका हुन् । तर, उनीहरुलाई एकदिन ब्रम्हाका पुत्रहरुले श्राप दिए । श्रापका कारण जय र विजयले तीन जन्मसम्म पृथ्वीमा जन्म लिनुपर्ने भयो । तीन जन्मपश्चात उनीहरु श्रापमुक्त भएर बकुण्ठलोक गए ।

बैकुण्ठधामका छ द्वारपछिको सातौं द्वार भगवान नारायणको अन्तरंग स्थानको द्वार हो । जय र विजय त्यही द्वारको संरक्षक थिए । तर, भगवान श्रीहरिको प्रमुख पहरेदार भएकाले उनीहरुको मनमा अहंकार उत्पन्न भयो । उनीहरु सोच्न थाले- 'हामी प्रमुख पार्षद् हौं, हाम्रो आज्ञाबिना कोही पनि भित्र जानै सक्दैन ।' तर, अन्तरयामी भगवानले शेषनागको शयूयामा बसेरै सबै कुरा थाह पाइरहनुभएको थियो ।

एकदिन ब्रम्हाजीका चार पुत्रहरु सनक, सनन्दन, सनातन र सनतकुमार भगवान श्रीहरिको दर्शनका लागि बैकण्ठधाम गए । महर्षि नारदलाई झैं उनीहरुलाई पनि कहीँ जानबाट रोक्ने चलन थिएन । ब्रम्हापुत्रहरु छ वटा द्वार पार गरिसकेर जब सातौं द्वारमा पुगे, पार्षद्हरु जय र विजयले भित्र जानबाट उनीहरुलाई रोके ।

ती पार्षद्ले भने- 'कहाँ जान लाग्यौ ? बैकुण्ठधामको द्वार हो यो । यो द्वारमा हामी जय र विजयको पहरा छ । हाम्रो अनुमतिबिना यहाँ कोही प्रवेश गर्न सक्दैन ।'

जय र विजयलाई ब्रम्हापुत्रले पनि प्रश्न गरे, 'त्रिलोकीधाममा जानका लागि हामीले पनि अनुमति लिनुपर्छ र ? पहिले त यस्तो कहिल्यै थिएन । हामी ब्रम्हाका पुत्र हौं । सबै लोकमा बिना कुनै व्यवधान आवत-जावत गर्छौं ।'

जय र विजयले जेसुकै भए पनि भगवानको एकान्तमा विघ्न आउन नदिने अड्डी कसे । भगवानको दर्शन गर्न नपाएपछि ब्रम्हापुत्र क्रोधित भए । ब्रम्हापुत्रहरुको क्रोध देखेर जयले भन्न थाले- 'महामाया लक्ष्मीजी पनि प्रभुका साथमा हुनुहुन्छ । उहाँहरु एकान्तमा हुनुहुन्छ । हामी यसलाई आफ्नो कर्तव्य सम्झिएरै तपाईहरुलाई रोक्दैछौं ।' ब्रम्हापुत्र झनै क्रोधित हुँदै भन्न थाले- 'हामीलाई अनुमति तिमीहरुले दिने ? हामीमाथि अनुशासनको अंकुश लगाउने ? तिमीहरुले आफ्नो सीमा अतिक्रमण गर्दैछौं ।' ब्रम्हाजीका पुत्रहरुको मनमा काम, क्रोध, लोभ, मोह, अहंकारको विकार थिएन । तर, पनि प्रभुले उनीहरुको निर्विकार चित्तमा क्षणभरका लागि क्रोधको विकार पैदा गरिदिनुभयो । त्यसैले उनीहरुले महाप्रभुको बैकुण्ठधाममा अपराध गरेको भन्दै जय र विजयलाई मृत्युलोकमा गएर निवास गर्ने श्राप दिए ।

श्रापपश्चात तत्काल भगवान प्रकट भएर ब्रम्हापुत्रहरुलाई प्रणाम गर्नुभयो । पार्षद्हरुले आफूहरुको अनादर गरेको भन्दै ब्रम्हापुत्रले घटनाको सम्पूर्ण बेलीविस्तार सुनाए । भगवानले केही नजाने जसरी आश्चर्य प्रकट गर्नुभयो । सजाय स्वरुप पार्षद्हरुलाई श्राप दिएको कुरा पनि ब्रम्हापुत्रले भगवानलाई सुनाए ।



त्यसपछि भगवानले भन्नुभयो- 'श्राप दिएको भए त ठीकै छ । तर, म यिनीहरुको गल्तीका लागि तपाईहरुसँग क्षमा माग्छु । शास्त्रका अनुसार सेवकको पापको अपजस उसको स्वामीले पनि भोग्नुपर्छ । त्यसैले मैले क्षमा मागेको हुँ ।' प्रभुले क्षमा मागेपछि ब्रम्हापुत्रले पनि लज्जित महशुस गरे । आफूहरुको मनमा पनि क्रोधको विकार उत्पन्न भएको उनीहरुले स्वीकार गरे । यस दोषका लागि उनीहरुले पनि भगवानसँग क्षमा मागे । उनीहरुले भने- 'हामी ब्राम्हणले पनि रिसाउनु हुँदैन थियो महाप्रभु । यसका लागि हामीलाई पनि दण्ड दिन सक्नुहुनेछ ।'

प्रभुले कसैलाई पनि दण्ड नदिने बताउनुभयो । बरु उहाँले पार्षदहरुको श्रापको अवधि तोकी दिन ब्रम्हापुत्र समक्ष बिन्ती गर्नुभयो । प्रभुको विनम्रता देखेर ब्रम्हकुमारले भने- 'प्रभुको दर्शनमा हामीलाई तीन क्षणको विलम्ब भएको छ । त्यसकारण यी पार्षद्ले पनि तीन जन्मसम्म मृत्युलोकमा रहनुपर्छ । त्यसपछि उनीहरु श्रापमुक्त भएर फेरि बैकुन्ठधाममा आउँछन् ।'

प्रभुले ब्राम्हणहरुको बचन मेरै बचन हो भन्दै जय र विजयलाई बैकुण्ठधाम छाडेर पृथ्वीलोकमा जाने आज्ञा दिनुभयो । तर, ती पार्षद्हरुले प्रभुसमक्ष बिन्ती गर्न लागे, 'कृपानिधान, हाम्रो एक प्रार्थना छ । तीनै जन्ममा हाम्रो मुक्ति तपाईं कै हातबाट होस् ।' प्रभुले आफ्ना प्रिय पार्षद्हरुको कल्याणका लागि स्वयम् मृत्युलोकमा आउने बचन दिनुभयो । उहाँले भन्नुभयो- 'तिमीहरुको मुक्ति मेरै हातबाट हुनेछ ।' भगवानले उनीहरुलाई पहिलो जन्ममा महात्मा कश्यपकी पत्नी दितीको गर्भमा प्रवेश गर्न आज्ञा दिनुभयो ।

**पहिलो जन्म :**

श्रापबाट धर्तीमा आएका जय र विजयको जन्म हिरण्याक्ष र हिरण्यकश्यपका रुपमा भयो । दुबै भाइ परम् बलशाली थिए । सत्ताको अहंकारमा उनीहरुले पृथ्वीमा हाहाकार मच्चाउन थाले । मानवले यज्ञ गरेर भगवानको पूजा गर्छन्, यसलाई बन्द गराउनुपर्छ भन्दै हिरण्याक्षले श्रीनारायणको पूजा बन्द गराउनका लागि आकाशबाट पृथ्वीलाई नै चोरी गरेर समुद्रमुनि लुकाइदियो ।

यो देखेर प्रभुले वराहा रुप धारण गर्नुभयो । प्रभुले ब्रम्हाजीको नाकको प्वालबाट वराहा रुप प्रकट गरी समुन्द्रमुनि गएर हिरण्याक्षसँग युद्ध गर्नुभयो । त्यसपछि हिरण्याक्षको बध गरेर प्रभुले पृथ्वीलाई आफ्नो दाँतले उठाउनुभयो र समुन्द्रबाट बाहिर निकाल्नुभयो ।

भाइको वध भएपछि हिरण्यकश्यपलाई धेरै पिडा भयो । गुरु शुक्राचार्यको सल्लाह पाएर हिरण्यकश्यपले ब्रम्हाजीको घोर तपस्या गर्‍यो । तपस्याबाट प्रशन्न भएर एकदिन ब्रम्हाजी प्रकट हुनुभयो र वरदान माग भन्नुभयो । हिरण्यकश्यपले भन्यो- 'यदि तपाईं प्रशन्न हुनुहुन्छ भने मलाई यस्तो बरदान दिनुहोस्, तपाईले बनाएको कुनै पनि प्राणीबाट मेरो मृत्यु नहोस् । न मनुष्य, न पशु । न दैत्य, न देवता । न भित्र, न बाहिर । न दिनमा, न रातमा । न अस्त्रबाट, न शस्त्रबाट । न पृथ्वीमा, न आकाशमा । कहीँ, कसैले मलाई मार्न नसकोस् । युद्धमा कसैले मेरो सामना गर्न नसकोस् । तपाईले बनाएका समस्त प्राणीको म एकछत्र सम्राट हुन सकूँ ।'

यस्तो बरदान साह्रै दुर्लभ भए पनि कठोर तपस्या गरेका कारण ब्रम्हाजीले हिरण्यकश्यपलाई प्रदान गर्नुभयो । ब्रम्हाबाट वरदान पाएर हिरण्यकश्पले आफैंलाई भगवान घोषणा गर्‍यो । सबैलाई आफ्नो पूजा गर्न आज्ञा दियो । डरका कारण सबैले हिरण्यकश्यपको पूजा गर्न थाले । तर, उसकै पुत्र बालक प्रल्हादले पितालाई भगवान मन्न अस्वीकार गर्‍यो । र, श्रीहरिको पूजा गरिरह्यो ।

क्रोधमा आएर हिरण्यकश्यपले आफ्नै छोराको हत्या गराउन धेरै प्रयत्न गर्‍यो । तर, भगवानको भक्त प्रल्हादलाई त्रिशुलले छेड्दा पनि केही चोट लागेन । भिरबाट नदीमा फाल्दा भगवानले स्वयमूले उसको प्राण रक्षा गर्नुभयो । होलिकाको काखमा बसाएर आगोमा हाल्दा समेत प्रल्हादलाई केही भएन । बरु आगोबाट नजल्ने बरदान पाएकी होलिका आफैं भष्म भइन् ।

केही उपाय नलागेपछि हिरण्यकश्यपले आफ्नै हातले छोरोलाई मार्न खोज्दा भगवान श्रीहरि नरसिंहको रुप लिएर घरको खम्बाबाट प्रकट हुनुभयो । र, हिरण्यकश्यपको वध गर्नुभयो । ब्रम्हाको सृष्टिले नमर्ने वरदार हिरण्यकश्यपले पाएको थियो । त्यसकारण भगवानले नरसिंहको रुप लिनुभयो । नरसिंह ब्रम्हाको सृष्टि होइन । न मनुष्य हो, न पशु । न सुर हो, न दैत्य । प्रभुले हिरण्यकश्यपको बध साँझमा गर्नुभयो । साँझ अर्थात् न दिन, न रात । उहाँले नङले पेट च्यातेर हिरण्यकश्यपको बध गर्नुभयो । नङ न अस्त्र हो, न शस्त्र । ब्रम्हापुत्रबाट श्राप पाएका जय र विजयको पहिलो जन्म यसरी सकियो ।

**दोस्रो जन्म :**

उनीहरुको दोस्रो जन्म त्रेता युगमा रावण र कुम्भकर्णका रुपमा भयो । रावण लंकाका राजा थिए । अनि कुम्भकर्ण उनकै भाइ । उनीहरुको यस जन्ममा श्रीहरिले श्रीरामको रुपमा अवतार लिएर दुबैको अन्त्य गर्नुभयो । प्रायः लाई थाह छ, रावणले नै श्रीरामकी पत्नी अर्थात् देवी सीताको हरण गरेका थिए ।

**तेस्रो जन्म :**

जय र विजयको तेस्रो तथा अन्तिम जन्म द्वापर युगको अन्त्यमा भयो । यसपटक प्रभु श्रीहरिले श्रीकृष्णका रुपमा अवतार लिनुभएको थियो । जय र विजय यसपटक शिशुपाल र दन्तवक्रका रुपमा जन्मिए । उनीहरु परम मित्र थिए । उनीहरु श्रीकृष्णकै फुपुहरुका छोरा थिए । युधिष्ठिरले राजसुय यज्ञ गर्न लागेका बेला भगवान श्रीकृष्णले सुदर्शन चक्रले शिशुपालको बध गर्नुभयो ।

उक्त यज्ञपश्चात द्वारिकामा आक्रमण गर्न आएका बेला दन्तवक्रलाई श्रीकृष्णले आफ्नो कौमोदकी गदाले छातीमा प्रहार गरेर बध गर्नुभयो । यसरी जयले हिरण्याक्ष, रावण र शिशुपालका रुपमा तथा विजयले हिरण्यकश्यप, कुम्भकर्ण र दन्तवक्रका रुपमा जन्म लिए ।

**कविता/गजल**

## संस्कार



**बिनिता उपाध्याय**

आशा, रहर अनि इच्छाहरूको
ठूलो पोको बोकी
ऊ भित्रिन्छे नयाँ घरमा बेहुली बनि ।
सुनौलो संसारको सपना
आँखाभरि उसका
भरपूर परिवार/मान्यजनहरू
माया दिन सक्ने स-साना नानीहरू
ठूलो सम्भ्रान्त वंश/नयाँ अनुहारहरू
मिठो सम्बोधन 'दुलही', 'भाउजु', 'माइजु'...
वैवाहिक परम्परा सिद्धिन्छन् खुशी-खुशी
प्रयास उसको...
सजाउनु छ नयाँ घर,
सबैलाई आफ्नो पार्नुछ नम्र व्यवहारले ।

शिक्षक पिता कि सुशीला कन्या ऊ
उसको संस्कार शिष्टाचार नै माइतीको दाइजो
हाँसेर बाँच्नु छ यँहा ।
पितृबन्धुका पुत्र उसका स्वामी
दुई पिताको इच्छा अनुसार गाँसिएको
वैवाहिक सम्पर्क
निश्चिन्त पिता-माता छोरीको भविष्यबारे
बिस्तारै...
केही अप्ठ्यारो परे जस्तो
असजिलो, अत्तासिए जस्तो
गुट्मुटिन थाल्छन् रहरहरू
गुम्सिन्छन्, लुक्छन् इच्छाहरू
तिरस्कार, व्यंग्य वाक्य वाणहरू
टोलाउँछन् आँखाहरू
बढ्दछ मुटुको धुकधुकी
कानमा गुञ्जिन्छन् केही शब्द
झुम्रे, मगन्ते, एकमाने
निसासिन्छन् सासहरू
प्रतिध्वनित हुन्छ अट्टहास
हा... हा... हा...

आशाहरू शमशानमा समाधिस्थ हुन लागेछन्
इच्छाहरू भताभुङ्ग हुन्छन्
खरानी बन्न लागेछ भविष्य उसको...
के गर्ने नपुंसक यो समाजमा ?
के हो एउटी नारीको स्थान ?
संस्कारमा डँडेलो लागेछ
शिष्टाचार समाधिस्थ भएछ
मानवताको चिता सजिएछ
माया, प्रेम, आन्तरिकता
हावामा विलिन भए छन्...
हैन, हैन, हैन यो हुन सक्दैन
उसमा जागृत हुन्छ नारी शक्तिको
आराधना गर्छे साहसलाई
जगाउँछे आत्मविश्वास आफूभित्र
विदा दिन्छे संकोचतालाई
मातृरूपिणी/शक्तिरूपिणी भई जुट्तछे
डुक्रिएकालाई समाधिस्थ गराउन ।
सत्यलाई जगाउँछे
असत्य/असभ्यतालाई डडाई दिन्छे
पितृगृहमा सिकेको संस्कार, शिष्टाचार
अचुक अस्त्र उसको
फेरि बनाउनु छ यो समाजलाई
मानवताले बाँधिएको/आन्तरिकताले गाँसिएको ।
ऊ अघि बड्दै जान्छे
एक नयाँ उमँगले दृढ-संकल्पबद्ध भई
एक मन, एक चित्त भएर
आफ्नो लक्ष्यमा पुग्नलाई
सुपरिकल्पना अगाडि लिएर ।

*पांजाबारी गुवाहटी*

## आमाको काख

रोप्ने ती अप्सराले छुपु-छुपु सुनको पार्न बाला तयारी
खेती गर्दा हिलाम्मे कृषक जन हुँदा हर्ष हाम्री पियारी ।
आकाशे शुद्ध धारो जल अमृत अहो ! झर्र झर्दा धुरीमा
आमाको काख राम्रो सरिफ जमिनले दिन्छ माना मुरीमा ॥

सानो बच्चा हिलोमा विचरण यसरी गर्छ हाम्रो भनेर
भाक्छन् कोही असारे जलपथ शिरको पूर्ण प्यासी बनेर ।
त्यो छ्यापाछ्याप लेदो मनुज सफलता मान्छ वर्षा झरीमा
आमाको काख राम्रो सरिफ जमिनले दिन्छ माना मुरीमा ॥

वर्षाको स्वर्ग खेती कृषक शयनको स्वर्ण तन्ना कहन्छ
ठूलो चट्याङ वर्षा कठिन सफलता स्वर्ग भन्दै सहन्छ ।
बढ्छन् ढल्छन् लगानी भनिकन मनले रोक्छ जो आतुरीमा
आमाको काख राम्रो सरिफ जमिनले दिन्छ माना मुरीमा ॥

आकाशे खेत बारी अथक शिखरका स्रोत पानी हुँदा छन्
कस्तो सोच्दैछु होला अधिक मुलुकका भूमि सुख्खा भए झन् ।
हिराको दिन्छ डल्लो जलथल सगरले स्वच्छ हाम्रो पुरीमा
आमाको काख राम्रो सरिफ जमिनले दिन्छ माना मुरीमा ॥

खेतीको योग्य जग्गा सरस मुलुकका आज सारा घडेरी
यस्तै मान्छे भएमा जल अथक हुँदा बन्छ पृथ्वी खडेरी ।
सारा आधार तिम्रो हृदय सहरका दुःख छैनन् चरीमा
आमाको काख राम्रो सरिफ जमिनले दिन्छ माना मुरीमा ॥

***– सोमनाथ दाहाल***
*लेटाङ्ग नपा- २ मोरङ्ग (हाल धरान पिण्डेश्वर)*

# समयमा बनेन पालिया नदीमा पुल



**ज्यामिरगढी, साउन २९।** कोभिड-१९ को महामारीलगायत अन्य कारणले झापाको मेचीनगर-७ को पालिया नदीमा पक्की पुल समयमै निर्माण हुन सकेन ।

पुलको १ नम्बर प्रदेश सभा सदस्य श्रीप्रसाद मैनाली, मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्य र उपप्रमुख मीना पोखरेल उप्रेतीले २०७७ जेठ २७ मा संयुक्तरुपमा शिलान्यास गरेका थिए । शिलान्यास समारोहमा प्रदेश सभा सदस्य मैनाली, मेचीनगर प्रमुख आचार्य, उपप्रमुख उप्रेतीले निर्धारित समयमै निर्माण कार्य सम्पन्न हुने विश्वास व्यक्त गरेका थिए । सम्झौता पत्रमा उल्लेख गरिएको निर्माण कार्य सम्पन्न गर्ने समयसीमाभन्दा एकमहिना बढी भए पनि अझै ३० प्रतिशत काम बाकी नै छ ।

२०७७ साल बैशाख २४ गते निर्माण सम्झौता भएको र सम्झौता पत्रमा २०७८ साल असार २० गते निर्माण कार्य सम्पन्न गर्ने उल्लेख भए पनि कोभिड-१९, नदीमा पानीको वहाफ बढी लगायत अन्य कारणले सम्झौता अनुसारको समयसीमाभित्र निर्माण सम्पन्न गर्न नसकिएको निर्माण कम्पनीले जनाएको छ ।

प्रदेश नं. १ सरकारको चार करोड ३२ लाख रुपैयाँ लागत भए पनि तीन करोड ८४ लाख १४ हजार तीन सय ८७ रुपैयाँमा पुल ठेक्का लागेको थियो । उक्त पुल निर्माणका लागि निर्माण कम्पनी हिम्टुङ एण्ड थोकर सरोज जेभी निर्माण सेवा प्रालि बिर्तामोड झापासँग सम्झौता भएको थियो ।

निर्माण कम्पनी हिम्टुङ एण्ड थोकर सरोज जेभी निर्माण सेवा प्रालि बिर्तामोड झापाका प्रबन्ध निर्देशक परमानन्द भट्टराईका अहिलेसम्म पुलको करिब ७० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । बाँकी ३० प्रतिशत काम अबको चारदेखि पाँच महिनामा सम्पन्न हुने उनको भनाइ छ । कोभिड-१९ तथा बर्षाका कारण निर्धारित समयमै पुलको निर्माण कार्य पूरा नभएको प्रवन्ध निर्देशक भट्टराईको भनाइ छ । समयमै निर्माण कार्य सम्पन्न नभए पनि सोचेभन्दा निर्माणको काम द्रूतगतिमा अघि बढिरहेको उनको भनाइ छ ।

पुलको एलआरवीएसयुको प्राविधिक सहयोगमा पूर्वाधार विकास कार्यालय भद्रपुर झापाले यसको अनुगमन र रेखदेख गर्दैछ । 'सिंगल स्पाम' रहने उक्त पुलको लम्बाई पिल्लरदेखि पिल्लरसम्म २५ मिटरको हुने, ८२ फिट लम्बाई २८ फिट चौडाई पुलको कज्वे चौडाई २० फिट तथा दुबैतर्फ चार-चार फिट लम्बाईको पैदलयात्री हिंड्ने संरचना निर्माण गरिने पूर्वाधार विकास कार्यालय भद्रपुर झापाले पसल शिलान्यासका क्रममा जानकारी गराएको थियो । यो योजना झापा निर्वाचन क्षेत्र नं. १ 'क' को योजना छनौट अन्तर्गत प्रदेश सरकारको बजेट छनौटमा योजनामा परेको थियो ।

पक्की पुल निर्माण भएपछि मेचीनगर-७ स्थित सतिघट्टा-गोमनसरी-इँटाभट्टालाई जोड्ने छ । झापाको मेचीनगर हुँदै सदरमुकामसम्म जोड्ने यो पुल सञ्चालनमा आएलगत्तै मेचीनगर र चन्द्रगडी बिमास्थलको दूरी १४ किलोमिटर मात्र हुने मेचीनगर नगरपालिका वडा नम्बर ७ का वडासदस्य रुपा गुरुङ्गको भनाइ छ । पालिया नदीमा पक्की पुल बन्ने भएसँगै स्थानीयबासी हर्षित बनेका थिए । तर, निर्धारित समयमै काम सम्पन्न हुन नसक्दा उनीहरु निराश बनेका छन् । पुल बनेसँगै सदरमुकाम जाने बाटो समेत छोटो हुने स्थानीयबासीको भनाइ छ ।

निन्दाखोलामा पक्की पुल नबन्दा मेचीनगर-७ स्थित सतिघट्टाका अधिकांश बासिन्दा जोखिम मोलेरै काठेपुलबाट आवात-जावत गर्न बाँध्य थिए । त्यसमा पनि नजिकै रहेको अरनीको आधारभूत विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुको पीडा त खपिनसक्नुको थियो । बर्षा शुरु भएसँगै अधिकांश विद्यार्थीहरु स्कूलै जादैन थिए । केही विद्यार्थी भने जोखिम मोलेरै विद्यालय आउजाउ गर्दथे । विद्यार्थीहरु मात्र होइन सर्वसाधारणसमेत अहिले निन्दा खोलामा पुल निर्माण कार्य शुरु भएपछि खुशी छन् ।

उक्त नदीमा पुल समयमै नबनेका कारण सर्वसाधारणले निक्कै सास्ती व्यहोर्नुपरेको नेपाली कांग्रेसका स्थानीय नेता युद्धराज ओलीको भनाइ छ । पालिया खोलामा पक्की पुल नभएका कारण एउटा काठे पुलको भरमा मानिसहरु हिंड्ने गरेका थिए । काठे पुललाई समेत बाढीका कारण पालिया नदीले क्षति पुर्‍याउँदा समयमै मर्मत तथा सम्भार नहुँदा सर्वसाधारणले निकै ठूलो सास्ती व्यहोर्नुपरेको ओलीको भनाइ छ ।

# अन्तर्राष्ट्रिय युवा दिवसमा पूर्वाञ्चलकर्मी मण्डल सम्मानित




**भद्रपुर, साउन २९।** भद्रपुर नगरपालिका, नगर युवा परिषद्ले पूर्वाञ्चलकर्मी पार्थ मण्डललाई सम्मान गरेका छन् ।

'खाद्य प्रणालीमा रूपान्तरण : मानव र भूमण्डलीय स्वास्थ्यका लागि युवा नवप्रवर्तन' भन्ने मूल नाराका साथ अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा नगर युवा परिषद्ले युवा पत्रकार रुपमा पूर्वाञ्चल दैनिकका भद्रपुर सम्वाददाता मण्डललाई सम्मान गरेका हुन् ।

नगरपालिकामा भएको युवा संवाद तथा सम्मान कार्यक्रममा नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठले दोसल्ला ओढाएर पत्रकार मण्डललाई सम्मानपत्र प्रदान गरेका थिए । प्रेस क्लब भद्रपुरका सचिव समेत रहेका पत्रकार मण्डल एबिसी टेलिभिजन, थाहा खबर, हिमालयन टाइम्स, मकालु टेलिभिजन, सूर्योदय टेलिभिजन, आँगन एफएम र टाइम्स अफ प्रदेश मिडियामा आबद्ध छन् । त्यस्तै सोही कार्यक्रममा नगर क्षेत्रका सक्रिय सामाजिक संस्था भद्रपुर जेसीजलाई सम्मान गरेको छ । जेसीजका अध्यक्ष खिलनाथ पाण्डे (निकास)लाई सो सम्मान पत्र मेयर श्रेष्ठले प्रदान गरेका थिए ।

जेसीजले कोभिड-१९ को महामारीमा नगर क्षेत्रमा एक संक्रमित, एक दाता अभियान चलाउँदै सङ्क्रमितको घर-घरमा पुगेर राहत सामग्री वितरण गरेका थिए । कोभिड-१९ को दोस्रो लहरमा कोरोना सङ्क्रमितको शव व्यवस्थापनमा दिनरात खटिएका स्काउटर शिवानी देवान र विवेक चम्लागाईलाई पनि सम्मान गरिएको छ ।

उनीहरूलाई मेयर श्रेष्ठले सम्मान पत्र प्रदान गरेका थिए । त्यसैगरी कोभिड व्यवस्थापनमा युवाको भूमिका र कोभिडको सामाजिक असर शीर्षकमा आयोजित भिडियो वक्तृत्वकला प्रतियोगितामा नगर क्षेत्रबाट सहभागी मध्ये प्रथम हुने शंशाक न्यौपाने, द्वितीय हुने आराध्या प्याकुरेल रीना घिमिरे र तृतीय हुने निशा लामिछानेलाई पुरस्कृत गरिएको छ । उनीहरूलाई नगदसहित प्रशंसा पत्रले पुरस्कृत गरिएको थियो ।

प्रतिभा पहिचानतर्फ प्रथम भिषजा खतिवडा, द्वितीय आराध्या प्याकुरेल र तृतीय साकारबाबु खतिवडालाई पुरस्कृत गरिएको छ । नगरपालिकाका मेयर श्रेष्ठको अध्यक्षता तथा प्रदेश १ का सामाजिक विकास मन्त्री उषाकला राईको प्रमुख आतिथ्यमा अन्तर्राष्ट्रिय युवा दिवसको भर्चुअल संवादमा राष्ट्रिय युवा परिषद् नेपालका उपाध्यक्ष माधव ढुङ्गेलले सरकारको युवा सम्बन्धी नीति, जिल्ला युवा समिति झापाका अध्यक्ष मदन बुढाथोकीले कोभिडमा युवाको भूमिका, राष्ट्रिय युवा परिषद् नेपालका सदस्य गोविन्द गिरीले राष्ट्रिय युवा नीति, नागरिक समूहका संस्थापक अध्यक्ष निगम हुमागाँईले नेपाली युवा र आगामी कार्य दिशा, अन्तर्राष्ट्रिय युवा केन्द्रका राष्ट्रिय सचिव डा. एकराज दाहालले कोभिड महामारी, खाद्यान्न एवम् स्वास्थ्य सजगतामा युवाको भूमिका, नगरपालिकाकी उपमेयर चन्द्रामाया श्रेष्ठले युवा र लैङ्गिक समानता र मेयर श्रेष्ठले नगरपालिकाको युवा मैत्री नीति तथा कार्यक्रमका बारेमा आ-आफ्नो धारणा राखेका थिए ।

नगर युवा परिषद्का कार्यकारी उपाध्यक्ष सरोज ढकालले संयोजनमा भएको कार्यक्रमको सञ्चालन नगर शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख प्रेम भुजेलले गरेका थिए ।

# चिया मजदुरलाई खाद्यान्न सहयोग



☐ **विमल दहाल**

**माई, साउन २९।** सोक्तिम चिया बगानमा काम गर्ने विपन्न चिया मजदुरहरुलाई खाद्यान्न सहयोग गरिएको छ ।

कारितास नेपालको आयोजना, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग) नेपालको साझेदारी, कारितास जर्मनीको सहयोग र माई नगरपालिका इलामको समन्वयमा ६८ परिवारलाई खाद्यान्न सहयोग गरिएको प्याग नेपालका निर्देशन प्रकाश अधिकारीले जानकारी दिए ।

कार्यक्रममा माई नगरपालिकाका मेयर दीपककुमार थेवेले कोरोना भाइरसका कारण भएको बन्दाबन्दीमा चिया मजदुर संकटमा रहेको भन्दै कारितास, प्याग लगायत संस्थाको सहयोग प्रति धन्यवाद दिए । मेयर थेवेले एक सय ५५ बर्षको इतिहास बोकेको सोक्तिम चिया बगानमा काम गर्ने श्रमिकको पीडादायी अवस्था अझै रहेको भन्दै स्थानीय तह मार्फत् आगामी दिनमा बगान सञ्चालन गर्ने पहल गरिने जानकारी दिए । राहत सामग्री वितरण मेयर थेवेले शुभारम्भ गरे ।

मजदुरहरुलाई चामल, दाल, नुन, तेल ायतका खाद्य सामग्री वितरण गरिएको थियो । कार्यक्रममा कारितास नेपालका प्रदेश नं. १ का प्रमुख देवेन्द्र पोखेल, माई नगरपालिकाका वडा नं. ९ का वडाध्यक्ष लीलाकुमार राई, प्यागका दिपेन्द्र खनाल लगायतको सहभाति रहेको थियो ।

त्यस्तै इलाम नगरपालिकाको समन्वयमा इलाम बगानमा कार्यरत ७३ जना चिया मुजुदरलाई राहत वितरण गरिएको थियो । कोरोना महामारीका कारण परिवारले रोजगार गुमाएपछि जीविकोपार्जनमा समस्या व्यहोर्दै आएका चिया मजदुरहरुलाई राहत वितरण गरिएको कारितास नेपालले जनाएको छ ।

# अर्जुनधारामा सर्वपक्षीय बैठक

**अर्जुनधारा, साउन २९।** चालू आर्थिक वर्ष २०७८/०७९ मा अर्जुनधारा नगरपालिकाले सञ्चालन गर्ने नगरस्तरीय योजनाहरुको प्रभावकारीरुपमा कार्यान्वयन गर्न सबै पक्षले आ-आफ्नो क्षेत्रबाट रचनात्मक सहयोग गर्ने निर्णय गरेको छ ।

नगरपालिकामा भएको जनप्रतिनिधि, स्थानीय राजनीतिक दल र सरोकारवालाहरु सहभागी भएको सर्वपक्षीय बैठकबाट उक्त निर्णय गरिएको प्रमुख हरिकुमार रानाले जानकारी दिए ।

त्यसैगरी बैठकले पारित गरेको अन्य निर्णयहरुमा चालू आर्थिक वर्षमा नगरपालिकाबाट बग्ने नदीजन्य सामग्रीहरुको उत्खनन् तथा बिक्री-वितरणका लागि अद्यावधिक आईई प्रतिवेदन बमोजिमको परिमाणमा नदीजन्य सामग्री उत्खनन् तथा बिक्रीवितरणका लागि ठेक्का बन्दोबस्त गर्ने, विगतमा नदीजन्य सामग्री उत्खनन् तथा बिक्री वितरणबाट हुने आय संकलनका लागि कार्यालयबाट जारी भएको रसिदमा उल्लेखित बराबरको रकम राजश्वमा दाखिला गरिएको वा नगरिएको विषयमा नगर कार्यापालिकाबाट छानविन समिति गठन गर्ने र नगरपालिकामा संकलन भएको अव्यवस्थित बसोबासीको विवरण अनुरुप जग्गा नापजाँचका लागि जिल्ला नापी कार्यालय झापाबाट चारपानेचोकबाट कन्ट्रोल प्वाइन्ट पहिचान गर्ने कार्य शुरु गर्ने रहेका छन् ।

प्रमुख रानाको अध्यक्षतामा बसेको बैठकमा नेकपा एमालेका नगर अध्यक्ष प्रेमसागर सापकोटा, नेपाली कांग्रेसका नगर सभापति हेमराज खरेल, नेकपा माओवादी केन्द्रका इन्चाज नारद दुःखी, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधि लवकुश गिरी, राष्ट्रिय जनमुक्ति पार्टीका प्रतिनिधि दिलीप राई, कार्यपालिका सदस्यहरु जीवकुमार भण्डारी, लोकनाथ गौतम, नवराम ढुंगाना र भैरवबहादुर खड्का, प्रमुख प्रशासकीय अधिकृत अम्बिकाप्रसाद चौलागाईं, लेखा अधिकृत रामचन्द्र घिमिरे, अर्जुनधारा प्रेस क्लबका उपाध्यक्ष रमेश समदर्शी लगायतको सहभागिता रहेको थियो ।


## सटर भाडामा

बिर्तामोड नगरपालिका-३ घैलाडुब्बा रोड बिर्ताबजार चोकमा खाली सटर भाडामा छ । व्यापारिक प्रयोजनमा रहेको उक्त सटर भाडामा लिन चाहनेले तु-सम्पर्क गर्नुहोला ।

मो. ९८१४०२७४६१, ९८४२६५४६३८

## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक होटलका लागि निम्न कर्मचारी तु-आवश्यकता ।

कुक : २ जना

वेटरः २ जना (महिला)

सम्पर्कः ९८१४०१५१०४, ९८१६०५८४३८, ०२३-५४५४५७

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६-९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## कर्मचारी आवश्यकता

ग्रेट फ्युचर मार्ट कम्पनीलाई केही कर्मचारी आवश्यक परेकाले इच्छुक व्यक्तिले दरखास्त दिनुहोला ।

पदः पीआरओ
संख्याः ८ जना (महिला/पुरुष)
योग्यताः +२ वा सो सरह
तलबः १३,६०० सम्म

सम्पर्कः G.F.M. कार्यालय, बिर्तामोड-४, भद्रपुर स्टेण्ड (झापा)
9817930772/ 9814397340

नोटः सञ्चयकोष । यातायात । नास्ता । बोनसको व्यवस्था रहेको छ ।

## सुरक्षा गार्डको आवश्यकता

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता ।*

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

## अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### सँधियार नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नपा वडा नं. ५ बस्ने श्री केशवकुमार मिश्रले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१ को उपदफा 'क' प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल
१) पूर्वतर्फ श्री छत्रबहादुर बस्नेत
२) पश्चिमतर्फ बाटो
३) उत्तर तर्फ श्री रुपा ढकाल
४) दक्षिणतर्फ श्री मानबहादुर निरौला

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| अर्जुनधारा-५ | १६१२३ | ०-१-१० | | २०७८।०४।०५ | २०७८।०४।२८ |

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** श्रम परे पनि लगनशीलताले विशेष उपलब्धि दिलाउनेछ । भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अध्यात्मभाव जागृत हुनाले परोपकारी काममा प्रवृत्त भइनेछ । शुभचिन्तकहरूलाई साथमा लिएर काममा जुट्नुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** महत्वाकांक्षी योजना थालनी हुनेछ । आजको मेहनतले भविष्यमा नाम, दाम र प्रतिष्ठा दिलाउनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** स्वास्थ्य कमजोर रहनाले काममा पनि बाधा हुन सक्छ । केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अर्थ अभावले पनि मन पिरोलिन सक्छ । मेहनतले स्थितिमा सकारात्मक परिवर्तन ल्याउनेछ । शुभचिन्तकहरूले केही आशा जगाउने छन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** समस्या दर्शाउँदा सहयोगीहरूले साथ दिने छन् र आंशिक सफलता मिल्नेछ । उपलब्धिका लागि केही समय प्रतिक्षा गर्नुपर्ला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारले अलमल्याउन सक्छ । तापनि दिन मनोरञ्जनपूर्ण र उत्साहवर्द्धक रहनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** लगनशीलताले नयाँ-नयाँ काम गर्ने अवसर समेत दिलाउनेछ । साथीभाइको सहयोगले हौसला जाग्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** लगनशिलताले नयाँ-नयाँ काम गर्ने अवसर समेत दिलाउनेछ । साथीभाइको सहयोगले हौसला जाग्नेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ । प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** इर्ष्या गर्नेहरूबाट सजग रहनुहोला । हिम्मत गर्दा अप्ठ्यारो स्थितिमा पनि काम सम्पादन हुनेछ । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । समयमा लगनशील बन्न नसक्दा प्रतिस्पर्धीहरूले फाइदा उठाउन सक्छन् ।